प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

सुदूरपश्चिम प्रदेश,

धनगढी, कैलाली

प्रदेश सरकार
आर्थिक मामिला तथा यो...
सुदूरपश्चिम प्रदेश
धनगढी - कैलाली, नेपाल
२०७४

# प्रदेश पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि ) नियमावली, २०७५

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी - कैलाली, नेपाल
२०७४

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल

# प्रदेश पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७५

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले यो नियमावली बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस नियमावलीको नाम प्रदेश पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली,२०७५ रहेको छ ।

(२) यो नियमावली मन्त्री परिषद्ले स्वीकृत गरेको मिति देखी लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः-

(क) "उपभोक्ता समिति" भन्नाले स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूमध्येबाट त्यस्तो कार्यक्रम कार्यान्वयन र व्यवस्थापन गर्न प्रचलित कानून बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले यस नियमावलीको नियम ८ मा उल्लेख भएका कार्यक्रम सम्झनु पर्छ र सो शब्दले त्यस्ता कार्यक्रम अन्तर्गत सञ्चालन हुने पूर्वाधार विकास निर्माण आयोजना र अन्य कार्यक्रम समेतलाई जनाउँछ ।

(ग) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका र उपमहानगरपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले नियम ३ बमोजिम गठित समिति सम्झनु पर्छ ।

३. पूर्वाधार विकास छनौट तथा अनुगमन समितिः (१) यस नियमावली बमोजिम कार्यक्रमको छनौट तथा अनुगमन गर्न प्रत्येक निर्वाचन क्षेत्रमा देहाय बमोजिमको पूर्वाधार विकास छनौट तथा अनुगमन समिति रहनेछ ।

(क) नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (क) बमोजिम कायम रहेका निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित प्रदेश सभा सदस्य - संयोजक

(ख) नेपालको संविधानको धारा १७६ उपधारा (१) को खण्ड (ख) बमोजिमका प्रदेश सभाका समानुपातिक सदस्य - सदस्य

(ग) जिल्ला समन्वय अधिकारीले समितिको सदस्य सचिव भई काम गर्नेछ ।

४. कार्यक्रमको समन्वय तथा सहजीकरणः (१) नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (क) बमोजिम कायम रहेका निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत



मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय

निर्वाचित प्रदेश सभाको सदस्य कुनै कारणले निलम्वन भए वा रिक्त भएको अवस्थामा पदीय मर्यादाले ज्येष्ठ सदस्यले संयोजक भई कामकाज गर्न सक्नेछन ।

(२) समानुपातिक सदस्यले आफू सदस्य हुन चाहेको कुनै एउटा निर्वाचन क्षेत्रको समितिमा मात्र सदस्य हुन पाउनेछन ।

(३) उपनियम (२) बमोजिम सदस्य हुन चाहने सदस्यहरूले कार्तिक मसान्तभित्र आफू सदस्य हुन चाहेको निर्वाचन क्षेत्र खुलाई मन्त्रालय र समितिमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । तर, आर्थिक वर्ष ०७५/७६ को लागि यो सिमा लागू हुने छैन ।

५. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) निर्वाचन क्षेत्र अन्तर्गतका स्थानीयतहको वार्षिक विकास कार्यक्रमको विवरण सङ्कलन तथा विश्लेषण गर्ने ।

(ख) वार्षिक विकास कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजना छनौटको मापदण्ड तयार गर्ने।

(ग) नियम ८ बमोजिम छनोट भएका योजना र कार्यक्रमको स्वीकृति प्रदान गर्ने ।

(घ) समितिबाट स्वीकृत भएका योजना जानकारीको लागि सम्बन्धित स्थानीयतहलाई लेखी पठाउने ।

(ङ) यस कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने आयोजनाहरुको अनुगमन, प्रगति समिक्षा र मूल्याकंन गर्ने गराउने ।

(च) अन्य आवश्यक कार्यहरु गर्ने र गराउने ।

६. <u>समितिको बैठकः</u> (१) समितिको बैठक देहाय बमोजिम वर्षको कम्तीमा तीन पटक बस्नेछः-

(क) गत आर्थिक वर्षको समीक्षा तथा चालु आर्थिक वर्षको आयोजना छनोट सम्बन्धी छलफल गर्न मंसिर मसान्तभित्र बैठक बस्नु पर्ने छ । तर, आ.व.०७५/७६ को हकमा यो व्यवस्था पौष महिनासम्म हुने छ ।

(ख) आयोजना र कार्यक्रमको समिक्षा तथा आयोजना कार्यान्वयन सम्बन्धी मार्गदर्शन गर्न माघ मसान्तभित्र बैठक बस्नु पर्ने छ ।

(ग) चालू वर्षमा कार्यान्वयनमा रहेका कार्यक्रमको अनुगमन गर्न तथा आगामी आर्थिक वर्षको लागि वार्षिक विकास कार्यक्रम छनौट गर्न जेठ १५ गते भित्र बैठक बस्नुपर्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ । बैठक बस्ने सूचना बैठक बस्नुभन्दा कम्तीमा दुई दिन अगावै सदस्यहरूलाई दिनुपर्नेछ ।

मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय

(३) समितिको बैठकमा कुनै सदस्यको अनुपस्थितिका कारणले मात्र समितिको काम कारवाहीमा बाधा पुग्ने छैन । तर, योजना छनौट सम्वन्धी निर्णय गर्दा बैठकमा संयोजक सहित बहुमत सदस्य उपस्थित भएको हुनुपर्नेछ ।

(४) संयोजकले आफ्नो अनुपस्थितिमा आफ्नो निर्वाचन क्षेत्रबाट समानुपातिक रुपमा प्रतिनिधित्व गर्ने प्रदेश सभा सदस्यलाई बैठकको अध्यक्षता गर्न लिखित रुपमा अधिकार प्रत्यायोजन गर्न सक्नेछन ।

(५) समितिको निर्णय सर्वसम्मतिबाट हुनेछ । यदि निर्णय सर्वसम्मत हुन नसकेमा संयोजकको निर्णय अन्तिम र मान्य हुनेछ ।

(६) सदस्य सचिवले संयोजकको आदेश/निर्देशनमा बैठक बोलाउन पर्नेछ ।

(७) सदस्य सचिवले संयोजकको निर्देशन बमोजिम बैठकको व्यवस्थापन गर्ने, निर्णय कार्यान्वयन गर्ने, प्रदेश सरकार समक्ष प्रगति तथा आर्थिक विवरणको प्रतिवेदन पेश गर्ने र अन्य आवश्यक कार्यहरु गर्नु पर्नेछ ।

(८) समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा जिल्ला समन्वय समितिका प्रमुख, स्थानीय निकायका प्रमुख, उपप्रमुख र अन्य लाई आमन्त्रण गर्न सकिने छ ।

७. <u>आयोजनाको छनौट:</u> (१) समितिले यस कार्यविधि बमोजिम कार्यान्वयन हुने आयोजनाहरू नियम ८ बमोजिम छनौट गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम आयोजना छनौट गर्दा सहभागितामूलक योजना पद्धतिबाट छनौट गरिनेछ ।

(३) समितिले आयोजना छनौट गर्दा सम्भव भएसम्म एक आर्थिक वर्षभित्र कार्यान्वयन गर्न सकिने आयोजना छनौट गरी अनुसूची–१ बमोजिमको कार्यान्वयन तालिका सहित आर्थिक मामिला तथा योजना मन्त्रालय र आयोजना कार्यान्वयन हुने स्थानीय तहमा प्रत्येक वर्षको मंसिर पन्ध्र गते भित्र पठाईसक्नु पर्नेछ । तर, यो सीमा आ.व. २०७५/०७६ को लागि लागु हुने छैन ।

(४) उपनियम (३) बमोजिमको विवरणको आधारमा अनुसूची-२ बमोजिमको ढाँचामा विवरण तयार गरी योजना छनौट भएको पन्ध्र दिन भित्र आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश इकाई कार्यालय, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा लेखि पठाउनु पर्नेछ ।

(५) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै योजना एक आर्थिक वर्षमा सम्पन्न हुन नसक्ने अवस्थामा स्थानीय तहले आफ्नो योजनामा समावेश गरी बहुवर्षीय योजनाको रुपमा कार्यान्वयन गर्न सक्नेछ ।

मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय

(६) उपनियम (४) बमोजिम प्राप्त भएको विवरणको आधारमा मन्त्रालयले कार्यक्रम कार्यान्वयनको लागि रकम निकासाका सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिनु पर्नेछ ।

(७) उपनियम (३) बमोजिमको अवधिभित्र आयोजना पेश नगरेमा यस नियमावली बमोजिमको रकम निकासा हुने छैन ।

(८) उपनियम (१) बमोजिम आयोजना छनौट गर्दा देहाय बमोजिम गर्नुपर्नेछः

(क) स्थानीय जनताको आवश्यकता, प्राथमिकता र विकासमा सन्तुलन कायम हुने नयाँ आयोजना र कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्नेछ,

(ख) सम्बन्धित स्थानीयतहको सभाबाट स्वीकृत भएको तर बजेट अभावका कारण कार्यान्वयन हुन नसकेका आयोजना छनौट गर्न सकिनेछ ।

(ग) सम्बन्धित स्थानीय तहबाट स्वीकृत भई बजेट विनियोजन भए तापनि पर्याप्त नभएको कारण बजेट थप गर्नुपर्ने आयोजना छनौट गर्न सकिनेछ ।

(घ) प्रकोप वा विपद्वाट क्षति भएका वा जोखिममा परेका र सोको पुनःनिर्माण, नियन्त्रण र रोकथामका निमित्त बजेट व्यवस्था नभएका तथा बजेट व्यवस्था भए पनि पर्याप्त नभएका आयोजना छनौट गर्न सकिनेछ ।

(९) उपनियम (१) बमोजिम आयोजना छनौट गर्दा देहायका आयोजनालाई समेत प्राथमिकता दिनु पर्नेछः

(क) स्थानीय तहको आवधिक विकास योजना र अन्य क्षेत्रगत योजनाको प्राथमिकतामा परेका पूर्वाधार सम्बन्धी आयोजना,

(ख) श्रममा आधारित रोजगारी सिर्जना गर्ने किसिमका पूर्वाधार सम्बन्धी आयोजना,

(ग) बढी जनसहभागिता हुने र उपभोक्ता समितिबाट सञ्चालन र व्यवस्थापन हुने पूर्वाधार सम्बन्धी आयोजना,

(घ) विपद्बाट क्षति भएको वा हुन सक्ने समस्यालाई सम्बोधन गर्ने पूर्व तयारी र जोखिम न्यूनीकरण गर्ने पूर्वाधार सम्बन्धी आयोजना,

(ङ) सम्बन्धित निर्वाचन क्षेत्र भित्रका स्थानीय तहले दुई वा सो भन्दा बढी स्थानीय तहलाई फाइदा पुग्ने भनी छनौट गरिदिन अनुरोध गरेका पूर्वाधार सम्बन्धी आयोजना वा कार्यक्रम,

(१०) अन्य निकायहरूसँगको साझेदारीमा आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा आयोजना स्थल, लागत, विनियोजित बजेट, उपभोक्ता समिति वा निर्माण व्यवसायीको नाम समेतको जानकारी आयोजना स्थल, स्थानीय तहको कार्यालयको सूचनापाटी र वेवसाइटमा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

(११) यस कार्यक्रम अन्तर्गत एक निर्वाचन क्षेत्रमा एक आर्थिक वर्षमा बढीमा बिस (२०) वटा आयोजना छनौट गर्न सकिनेछ । आयोजना छनौट गर्दा रु. ८,००,०००।-(अक्षरेपी आठ लाख मात्र) भन्दा न्यून रकम विनियोजन गर्न पाईने छैन । तर, एउटा आयोजना रु. ३५ लाखको अनिवार्य रुपमा छनौट गर्नु पर्नेछ ।

(१२) दोस्रो चौमासिक अवधि भित्र सम्झौता हुन नसकेका आयोजनाको रकमबाट समितिले यस नियमावली अन्तर्गत सोही स्थानीय तह अन्तर्गतको अर्को आयोजना चैत्र पन्ध्र गते भित्र छनोट गर्न सक्नेछ । यसरी आयोजना परिवर्तन भएको जानकारी मन्त्रालय र सम्बन्धित प्रदेश इकाई कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा समेत दिनु पर्नेछ ।

(१३) यस नियमावली अनुसार मन्त्रालय तथा प्रदेश इकाई कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा आयोजना छनोटको विवरण उपलब्ध गराउने जिम्मेवारी जिल्ला समन्वय अधिकारीको हुनेछ ।

८. कार्यक्रमका क्षेत्र: (१) यस नियमावली बमोजिम देहाय बमोजिमका सार्वजनिक उपयोगसँग सम्बन्धित पूर्वाधार विकास सम्वन्धी आयोजना सञ्चालन गर्न सकिनेछः–

(क) भू-क्षय नियंत्रण, नदी, गल्छी तथा पहिरो रोकथाम एवं सिंचाई सम्वन्धी आयोजना,

(ख) सडक निर्माण तथा स्तरोन्नति (सडक, पुल, झोलुङ्गे पुल,कल्भर्ट, ढल, काठेपुल निर्माण) सम्बन्धी आयोजना,

(ग) खानेपानी तथा सरसफाई, फोहरमैला व्यवस्थापन तथा ल्याण्डफिल्ड साइट निर्माण आयोजना,

(घ) ऐतिहासिक, साँस्कृतिक, साहित्य, कला एवं पुरातात्विक र पर्यटकीय स्थलको संरक्षण, जिर्णोद्वार तथा निर्माण आयोजना,

(ङ) नवीकरणीय उर्जा, लघु जलविद्युत तथा विद्युतीकरण सम्बन्धी आयोजना,

(च) स्वास्थ्य चौकी, प्रसुति भवन, भवन, बाल विकास केन्द्र, बिपन्न एवम भूमिहीन नागरिकहरुको लागि आवास भवन, वृद्धाश्रम, अनाथालय तथा पुनःस्थापना केन्द्र निर्माण सम्बन्धी आयोजना,

(छ) बन विकास, कृषि उपज संकलन केन्द्र निर्माण तथा हाट बजार व्यवस्थापन सम्बन्धी आयोजना,

(ज) सामुदायिक वा प्राविधिक विद्यालयको भौतिक पूर्वाधार विकास सम्वन्धी आयोजना,

मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी - कैलाली, नेपाल
२०७४

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

(झ) पिछडिएको वर्ग, दलित, महिला, एकल महिला, यूवा, अपाङ्ग, घाइते, शहिद परिवार र समुदायलाई लघु उद्यम व्यवसाय सञ्चालन गरी स्वरोजार बन्नका लागि सीपमुलक क्षमता अभिवृद्धि गर्ने अभिमुखीकरण कार्यक्रम ।

९. <u>कार्यक्रममा साझेदारी गर्न सकिने</u>: (१) यस कार्यक्रमबाट कार्यान्वयन हुने आयोजनामा सम्बन्धित स्थानीय तहले आफ्नो मिल्दो कार्यक्रमबाट वित्तीय साझेदारी गर्न सक्नेछन ।

(२) समितिले उपनियम(१) बमोजिमको रकम समेत समावेश गरी आयोजनाको कूल लागत अनुमान तयार गर्नु पर्नेछ ।

(३) समितिले लागत साझेदारी बढी हुने आयोजना छनोट गरी कार्यान्वयन गर्न प्राथमिकता दिने गरी मापदण्ड बनाउन सक्नेछ ।

१०. <u>कार्यक्रमको सञ्चालन तथा कार्यान्वयन</u>: (१) समितिबाट यस नियमावली बमोजिम छनौट भएका कार्यक्रम प्रदेशका विषयगत मन्त्रालय अन्तरगतका कार्यालय वा प्रदेश सरकारबाट तोकिएका प्रदेश स्थित निकाय मार्फत संचालन गरिनेछ ।

(२) उपनियम(१) बमोजिम प्राप्त कार्यक्रमको सञ्चालन तथा कार्यान्वयन सार्वजनिक खरिद ऐन, २०६३, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

११. <u>रकम निकासा सम्बन्धी व्यवस्था</u>: (१) मन्त्रालयले अनुदानको रुपमा कार्यक्रम कार्यान्वयन गर्ने गरी अनुसूची २ बमोजिम हुन आउने रकम प्रदेश सरकारबाट तोकिएका प्रदेश स्थित निकाय वा विषयगत मन्त्रालय अन्तर्गतका जिल्ला स्थित कार्यालय मार्फत रकम निकासाको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) समितिले कार्यक्रम पेश गरिसकेपछि प्रदेश सभाका सदस्यको कार्यकाल समाप्त भएपनि कार्यक्रम कार्यान्वयन तथा रकम निकासा गर्न बाधा पर्ने छैन।

१२. <u>सार्वजनिक परीक्षण</u>: (१) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमहरू कार्यसम्पन्न भएपछि समितिले सार्वजनिक परीक्षण गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको परीक्षण देहायबमोजिम गर्न सकिनेछः

(क) सार्वजनिक सुनुवाई गरेर, वा

(ख) आम्दानी खर्चको विवरण जाँच गरेर, वा

(ग) नागरिक समाजबाट परीक्षण गराएर ।

(३) उपनियम (१) बमोजिम सार्वजनिक परीक्षण गरेको प्रतिवेदन संलग्न नभएसम्म अन्तिम भुक्तानी दिइने छैन ।

१३. <u>लेखा तथा लेखापरीक्षण</u>: (१) मन्त्रालयबाट प्राप्त अख्तियारी बमोजिमको रकम निकासा तथा खर्च सम्बन्धी सम्पूर्ण कार्यको जिम्मेवारी खर्च गर्ने निकायको हुनेछ ।



मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय

(२) उपनियम (१) बमोजिम प्राप्त रकमको आन्तरिक र अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम गर्नु गराउनु पर्नेछ ।

१४. <u>सुपरिवेक्षण तथा अनुगमनः</u> (१) यस कार्यविधि बमोजिम कार्यान्वयन गरिने आयोजनाहरूको सुपरिवेक्षण तथा अनुगमन गर्ने जिम्मा मन्त्रालयको हुनेछ। यसरी सुपरिवेक्षण तथा अनुगमन गर्दा जिल्ला समन्वय प्रमुख र स्थानीय तहका पदाधिकारीलाई आमन्त्रण गर्न सकिने छ । कुनै आयोजना कार्यान्वयनको सम्बन्धमा समय, लागत र गुणस्तरमा कुनै प्रश्न उठेमा समितिले छुट्टै विशेष अनुगमन टोली गठन गरी काम लगाउन सक्नेछ । अनुगमनको सन्दर्भमा टोलीले दिइएका सुझावहरु कार्यान्वयन गर्नु सम्वन्धित उपभोक्ता समिति, निर्माण व्यवसायी तथा सरोकारवालहरुको कर्तव्य हुनेछ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मन्त्रालयले विशेष सुपरीवेक्षण र अनुगमन जुनसुकै बखत गर्न वा गराउन सक्नेछ ।

(२) समितिले कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन नियमित अनुगमन र आवश्यकता अनुसार समन्वय तथा सहजीकरण गर्नु पर्नेछ ।

१५. <u>आयोजनाको सम्झौता, पेश्की, प्राविधिक मूल्याङ्कन, जाचँपास र फरफारकः</u> (१) आयोजनामा भएको खर्चको बील भौचर सहितको विवरण सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायीले वा परामर्शदाताले कार्यक्रम कार्यान्वयन गर्ने निकाय समक्ष पेश गर्नुपर्नेछ।

(२) उपनियम(१) बमोजिम हिसाव फछ्र्यौटका लागि कागजात प्राप्त भएपछि कार्यक्रम कार्यान्वयन गर्ने निकायले जाँचपासका लागि प्राविधिक कर्मचारी खटाई सम्पन्न भएका कामको सम्बन्धमा प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।

(३) उपनियम(२) बमोजिम खटिएको कर्मचारीले बजेट अनुसार काम भए, नभएको स्पष्ट खुलाई प्रतिवेदन दिनु पर्नेछ र खर्च अनुसारको काम भएको प्रतिवेदनको आधारमा कार्यक्रम कार्यान्वयन गर्ने निकायले त्यस्तो कामको प्रचलित कानून बमोजिम फरफारक गरिदिन सक्नेछ ।

(४) उपनियम(३) बमोजिम कार्यालयबाट फरफारक भैसकेपछि सोको विवरण समिति समक्ष पेश गर्नु पर्ने छ ।

(५) उपनियम (४) बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने निकायले प्रस्तुत गरेको विवरण समितिको सदस्य सचिवले चौमासिक रूपमा सार्वजनिक गर्नु पर्नेछ ।

१६.<u>कार्यक्रमको प्रशासनिक खर्च सम्बन्धी व्यवस्थाः</u> (१) कार्यक्रम अन्तर्गत आयोजना छनोट गर्ने, प्रतिवेदन गर्ने तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वययन गर्न र भैपरी आउने कार्य गर्न समितिले कूल आयोजना रकमको १ प्रतिशत रकम प्रशासनिक खर्च गर्न सक्नेछ ।

(२) समितिले आवश्यक ठानेमा आयोजनाको सहजीकरण गर्नको लागि एक जना स्वयंसेवक परिचालन गर्न सक्नेछ ।

प्रदेश
आर्थिक मामिला
सुदूर
धनगढी

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

१७. <u>कार्यक्रमको प्रतिवेदन तथा प्रगति समीक्षा:</u> (१) समितिको निर्देशनमा सदस्य सचिवले सञ्चालित कार्यक्रमको प्रगति प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मन्त्रालयलाई प्रत्येक चौमासिक अवधि समाप्त भएको मितिले १५ दिन भित्र पठाउनु पर्नेछ।

१८. <u>मन्त्रालयले निर्देशन दिन सक्ने:</u> यस नियमावलीको कार्यान्वयनलाई थप पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ ।त्यस्तो निर्देशनको पालना गर्नु सरोकारवाला सबैको कर्तव्य हुनेछ ।

१९. <u>अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने:</u> मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्नेछ ।

२०. <u>बाधा अडकाउ फुकाउने:</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा मन्त्रालयले आवश्यकता अनुसार कार्यविधिको व्यवस्थाको प्रतिकूल नहुने गरी बाधा अडकाउ फुकाउन सक्नेछ ।

२१. <u>संशोधन गर्ने अधिकार:</u> यस नियमावलीमा थपघट वा संशोधन गर्ने अधिकार मन्त्रिपरिषद्मा निहित रहेको छ ।

मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय

अनुसूची

(नियम (७) को उपनियम (३) सँग सम्वन्धित)

प्रदेश पूर्वाधार विकास कार्यक्रम

कार्यान्वयनन तालिका

## समितिले मन्त्रालयलाई पठाउनु पर्ने विवरणको ढाँचा

जिल्लाः ................................ मितिः ......................

निर्वाचन क्षेत्र नं. ..............................

| क.सं. | संचालन हुने आयोजनाको विवरण | संचालन हुने गा.पा./वडा नं. टोल | लक्ष्य एकाइ | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक | लागत सहभागीवाट व्यहोरीने रकम रु. | | | | | | लाभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | कार्यक्रमबाट | प्रदेश स्तरवाट | स्थानीय तहवाट | गैसस वा अन्य | जनसहभागीता | जम्मा | | |
| | | | | | | | | | | | | | | |

नामः ................................................ पद ............................... सही .......................... छाप ...........................



प्रदेश सरकार सुदूरपश्चिम प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी, कैलाली, नेपाल २०७४

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
कर्णाली प्रदेश
धनगढी, सुर्खेत, नेपाल
२०७४

प्रदेश सरकार
कर्णाली प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कर्णाली, नेपाल
२०७४

अनुसूची - २

(नियम (७) को उपनियम (४) सँग सम्वन्धित)

आर्थिक वर्ष २०७....../......

जिल्लाः ............................... निर्वाचन क्षेत्र नं. ...................

मितिः .................

| सि.नं. | कार्यक्रम संचालन हुने गाउँपालिका/नगरपालिका | योजनाको संख्या | विनियोजत रकम | कैफियत |
|---|---|---|---|---|
| १. | ....................... पालिका | | | |
| २. | ....................... पालिका | | | |
| ३. | ....................... पालिका | | | |
| ४. | ....................... पालिका | | | |
| ५. | ..................................... | | | |
| ६. | ..................................... | | | |
| ७. | ..................................... | | | |
| | जम्मा | | | |

नामः ........................................... पद ..................... सही ...................... छाप .................



मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय